## वोनस ऐन, २०३० लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः वोनस ऐन, २०३० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "वोनस (तेस्रो संशोधन) ऐन २०४५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. वोनस ऐन, २०३० को दफा ७ मा संशोधनः वोनस ऐन, २०३० को दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः–

"७. वोनस बापत पाउने रकम र त्यसको निर्धारणः (१) कुनै कर्मचारीले एक आर्थिक वर्षमा पाउन सक्ने वोनस रकमको प्रतिशत व्यवस्थापकले उपदफा (२) बमोजिम निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कर्मचारीले पाउने बोनस रकमको प्रतिशत निर्धारण गर्दा प्रतिष्ठानमा जुन आर्थिक वर्षको निमित्त वोनस वितरण गर्नको लागि रकम छुट्याइएको हो सो रकमलाई एक सय अङ्कले गुणन गर्दा निस्कने गुणन फलको अङ्कलाई त्यस्तो आर्थिक वर्षमा वोनस पाउने ठहरिएका कर्मचारीहरूले पाएको कुल तलब वा ज्याला रकमको अङ्कले भाग गरी निस्केको भागफलको अङ्कलाई वोनसको प्रतिशत मान्नु पर्नेछ ।"

लालमोहर सदर मितिः– २०४५।६।२६।४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

६८१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।